# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
सिन्धुपाल्चोक, चौतारा

बागमति प्रदेश, नेपाल

पत्र संः ०७९/०८०
चलानी नं. ८३६

मिति : २०८०/०२/१८

श्रीमान् प्रधानध्यापक ज्यू

सम्पूर्ण माध्यमिक विद्यालयहरू

चौतारा साँगाचोकगढी नगरपालिका

विषयः छात्र भलिबल तथा फुटबल प्रतियोगितामा सहभागि बारे ।

उपरोक्त सम्बन्धमा यस चौतारा साँगाचोकगढी नगर खेलकुद विकास समितिको मिति २०८० जेष्ठ १६ गते बसेको निर्णय अनुसार सो समितिद्धारा चौतारा साँगाचोकगढी नगरपालिका विद्यालय स्तरीय भलिबल र फुटबल प्रतियोगिता निम्न मिति र स्थानमा आयोजना गर्न लागिरहेको हुँदा उक्त प्रतियोगितामा आफ्नो विद्यालय सहभागि गराईदिनुहुन अनुरोध छ ।

**भलिबल**

मिति : २०८०/०२/२५ देखि २७ गते सम्म

स्थान : इर्खु खेल मैदान

**फुटबल**

मिति : २०८०/०३/०१ देखि ३ गते सम्म

स्थान : चौतारा मिनि रङ्गशाला

.......................

रमेश गुरुङ्ग

# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
सिन्धुपाल्चोक, चौतारा

बागमती प्रदेश, नेपाल

पत्र सं: ०७९/०८०

चलानी नं.

---

**चौतारा साँगाचोकगढी नगरपालिका विद्यालय स्तरीय भलिबल प्रतियोगिता २०८०**

**<u>प्रतियोगिताको नियमहरू</u>**

- खेलहरू FIVB को अन्तराष्ट्रिय नियमका आधारमा चौतारा साँगाचोकगढी न.पा. ८, इर्खु खेलमैदानमा खेलाईनेछ ।
- प्रतियोगितामा चौतारा साँगाचोकगढी नगरपालिका भित्रका विद्यालयहरूलाई मात्र समावेश गराईनेछ ।
- एक टिममा जम्मा १० जना खेलाडी, १ जना प्रशिक्षक र १ जना व्यवस्थापक गरी जम्मा १२ जना समावेश हुनु पर्नेछ ।
- विद्यालयले टिम दर्ता गर्दा हालै राष्ट्रिय परीक्षा बोर्डबाट संचालित कक्षा १२ को परीक्षामा सोहि विद्यालयबाट सम्मिलित विद्यार्थीहरूलाई समेत संलग्न गर्न सकिनेछ ।
- टिम दर्ता गर्दा विद्यालयले कक्षा १०, ११ र १२ को परीक्षामा संलग्न भएका विद्यार्थीको हकमा सम्बन्धित परीक्षामा सहभागी भएको प्रवेश पत्रको प्रतिलिपि वा शिक्षा विकास तथा समन्वय इकाई तथा राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको रजिष्ट्रेशनको कागजातको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ । अन्य कक्षाको विद्यार्थीहरूको हकमा विद्यार्थी परिचय पत्रको प्रतिलिपिका साथै सबै विद्यार्थीहरूको चौतारा साँगाचोकगढी नगरपालिका नगर शिक्षा शाखामा विवरण अद्यावधिक गरिएको हुनुपर्नेछ ।
- विद्यालयले टिम दर्ता गर्दा विद्यालयको आधिकारिक लेटरप्याडमा खेलाडीहरूको विवरण र पत्र साथ संलग्न फाराम भरी खेलाडीहरूको पासपोर्ट साईजको फोटो टाँस गरी पेश गर्नु पर्नेछ । साथै प्रशिक्षक र व्यवस्थापकको समेत विवरण सोही फाराममा भरी पासपोर्ट साईजकोफोटो टाँस गरी पेश गर्नु पर्नेछ ।
- टिम दर्ताको अन्तिम मिति र समय मिति २०८०।०२।२३ गते ४ बजे सम्म रहने छ । तोकिएको समयावधी भित्र दर्ता भएका टिमहरूको टाई सिट मिति २०८०।०२।२४ गते बिहान १० बजे निर्माण गरिनेछ ।
- खेल लिग कम नक आउटका आधारमा खेलाईनेछ । यद्यपी सहभागी विद्यालयको संख्या कम भएमा खेलको फर्म्याटको बारेमा मिति २०८०।०२।२४ गते टाई सिट निर्माण भन्दा अगाडी खेल संचालन कमिटिको बैठकबाट निर्णय लिईनेछ ।
- खेलाडीहरूले नम्बर अंकित जर्सी प्रयोग गर्नुपर्नेछ ।
- यदि कुनै टिमले विपक्षी टिम तथा खेलाडीको विषयमा छानविन (प्रोटेस्ट) को लागि निवेदन दिनु परेमा खेल सकिएको १५ मिनेट भित्र आयोजक समक्ष निवेदन बुझाई सक्नु पर्नेछ । यसरी निवेदन दिँदा निवेदन दर्ता गराउने टिमले विपक्षी टिम वा खेलाडी विरूद्ध प्रमाण सहित रू.२०००।- बुझाउनु पर्नेछ ।
- सहभागी विद्यालयहरूले आफ्ना खेलाडीहरूको खाना तथा बासको व्यवस्था आफैले गर्नु पर्नेछ ।
- खेल दौरान खेलाडीहरूलाई चोट लागेमा आयोजकले प्राथमिक उपचारको व्यवस्था गर्नेछ । थप उपचारको जिम्मेवारी सम्बन्धित विद्यालयको नै हुनेछ ।
- आफ्नो खेल शुरू हुनु भन्दा ३० मिनेट अगाडी नै ग्राउण्ड रिपोर्टिब गर्नु पर्नेछ ।

- खेलको क्रममा कुनै विवाद आएमा रेफ्री र आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
- टिम दर्ता शुल्क लाग्ने छैन ।

पुरस्कारहरू :

| स्थान | पुरस्कार | कैफियत |
| --- | --- | --- |
| प्रथम | नगद रू.३०,०००।-, ट्रफी, मेडल र प्रमाणपत्र | |
| द्वितिय | नगद रू.२०,०००।-, ट्रफी, मेडल र प्रमाणपत्र | |
| तृतीय | नगद रू.१०,०००।-, ट्रफी, मेडल र प्रमाणपत्र | |
| पुनश्च : प्रतियोगिता अवधिभर उत्कृष्ट प्रदर्शन गर्ने बेष्ट स्पाइकर, बेष्ट सर्भर, बेष्ट लिफ्टर, र बेष्ट डिफेन्डरलाई ट्रफी तथाप्रमाणपत्र प्रदान गरिनेछ । | | |

नगद पुरस्कारको हकमा नेपाल सरकारको नियमानुसार कर कट्टी गरी प्रदान गरिनेछ ।

सम्पर्कका लागि :

९८१३५०३९९३ (प्रकाश दंगाल), ९८१००६७७११ (वाङ्गेल लामा)

.......................

रमेश गुरूङ्ग

# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
सिन्धुपाल्चोक, चौतारा

बागमति प्रदेश, नेपाल


पत्र सं: ०७९/०८०

चलानी नं.

**चौतारा साँगाचोकगढी नगरपालिका विद्यालय स्तरीय ७ ए साइड फुटबल प्रतियोगिता २०८०**

**प्रतियोगिताको नियमहरू**

- खेलहरू 7'A' Side फर्म्याटमा FIFA को अन्तराष्ट्रिय नियमका आधारमा खेलाईनेछ ।
- प्रतियोगितामा चौतारा साँगाचोकगढी नगरपालिका भित्रका विद्यालयहरूलाई मात्र समावेश गराईनेछ ।
- एक टिममा जम्मा १२ जना खेलाडी, १ जना प्रशिक्षक र १ जना व्यवस्थापक गरी जम्मा १४ जना समावेश हुनु पर्नेछ ।
- विद्यालयले टिम दर्ता गर्दा हालै राष्ट्रिय परीक्षा बोर्डबाट संचालित कक्षा १२ को परीक्षामा सोहि विद्यालयबाट सम्मिलित विद्यार्थीहरूलाई समेत संलग्न गर्न सकिनेछ ।
- टिम दर्ता गर्दा विद्यालयले कक्षा १०, ११ र १२ को परीक्षामा संलग्न भएका विद्यार्थीको हकमा सम्बन्धित परीक्षामा सहभागी भएको प्रवेश पत्रको प्रतिलिपि वा शिक्षा विकास तथा समन्वय इकाई तथा राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको रजिष्ट्रेशनको कागजातको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ । अन्य कक्षाको विद्यार्थीहरूको हकमा विद्यार्थी परिचय पत्रको प्रतिलिपिका साथै सबै विद्यार्थीहरूको चौतारा साँगाचोकगढी नगरपालिका नगर शिक्षा शाखामा विवरण अद्यावधिक गरिएको हुनु पर्नेछ ।
- विद्यालयले टिम दर्ता गर्दा विद्यालयको आधिकारिक लेटरप्याडमा खेलाडीहरूको विवरण र पत्र साथ संलग्न फाराम भरी खेलाडीहरूको पासपोर्ट साईजको फोटो टाँस गरी पेश गर्नु पर्नेछ । साथै प्रशिक्षक र व्यवस्थापकको समेत विवरण सोही फाराममा भरी पासपोर्ट साइजका फोटो टाँस गरी पेश गर्नु पर्नेछ ।
- टिम दर्ताको अन्तिम मिति र समय मिति २०८०।०२।३० गते ४ बजे सम्म रहने छ । तोकिएको समयावधी भित्र दर्ता भएका टिमहरूको टाई सिट मिति २०८०।०२।३१ गते बिहान १० बजे निर्माण गरिनेछ ।
- खेल नक आउटका आधारमा खेलाईनेछ । यद्यपी सहभागी विद्यालयको संख्या कम भएमा खेलको फर्म्याटको बारेमा मिति २०८०।०२।३१ गते टाई सिट निर्माण भन्दा अगाडी खेल संचालन कमिटिको बैठकबाट निर्णय लिईनेछ ।
- खेलाडीहरूले नम्बर अंकित जर्सी प्रयोग गर्नु पर्नेछ । साथै प्रत्येक खेलाडीले खेलका लागि आवश्यक बुट, मोजा, सिन प्याड, गोलकिपिङ ग्लोभ्सको अनिवार्य प्रयोग गर्नु पर्नेछ ।
- यदि कुनै टिमले विपक्षी टिम तथा खेलाडीको विषयमा छानविन (प्रोटेस्ट) को लागि निवेदन दिनु पर्दा खेल सकिएको १५ मिनेट भित्र आयोजक समक्ष निवेदन बुझाई सक्नु पर्नेछ । यसरी निवेदन दिँदा निवेदन दर्ता गराउने टिमले विपक्षी टिम वा खेलाडी विरूद्ध प्रमाण सहित रू.२०००।- बुझाउनु पर्नेछ ।
- शुरूवाती चरणका खेलहरू २५/२५ मिनेट गरी जम्मा ५० मिनेट र सेमिफाईनल र फाईनल खेलहरू ३०/३० मिनेट गरी जम्मा ६० मिनेटको खेलाईनेछ ।
- सहभागी विद्यालयहरूले आफ्ना खेलाडीहरूको खाना तथा बासको व्यवस्था आफैले गर्नु पर्नेछ ।
- खेल दौरान खेलाडीहरूलाई चोट लागेमा आयोजकले प्राथमिक उपचारको व्यवस्था गर्नेछ । थप उपचारको जिम्मेवारी सम्बन्धित विद्यालयको नै हुनेछ ।
- आफ्नो खेल शुरू हुनु भन्दा ३० मिनेट अगाडी नै ग्राउण्ड रिपोर्टिङ गर्नु पर्नेछ ।

- खेलको क्रममा कुनै विवाद आएमा रेफ्री र आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

पुरस्कारहरू :

| स्थान | पुरस्कार | कैफियत |
|---|---|---|
| प्रथम | नगद रू.३०,०००।-, ट्रफी, मेडल र प्रमाणपत्र | |
| द्वितिय | नगद रू.२०,०००।-, ट्रफी, मेडल र प्रमाणपत्र | |
| तृतीय | नगद रू.१०,०००।-, ट्रफी, मेडल र प्रमाणपत्र | |
| पुनश्च : प्रतियोगिता अवधिभर प्रत्येक खेलको म्यान अफ द म्याचलाई ट्रफी तथा उत्कृष्ट प्रदर्शन गर्ने गोल रक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर, उच्च गोलकर्ता तथा उत्कृष्ट खेलाडीलाई ट्रफी तथा प्रमाणपत्र प्रदान गरिनेछ । नगद पुरस्कारको हकमा नेपाल सरकारको नियमानुसार कर कट्टी गरी प्रदान गरिनेछ । | | |

सम्पर्कका लागि :

९८४१२६१९८१ (अमृतमान श्रेष्ठ), ९८४१५४२५७१ (राकेश राना), ९८६०४५४२६८ (सरोज भुजेल)

.......................

रमेश गुरूङ्ग